# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/०९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश धनुषाका तत्कालीन सचिव डा. नम्रता सिंह समेत ९ जना मु.नं (०८१-CR-००४६) फैसला मिति २०८२/०२/२२ | मिलोमतोमा कृषि पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको अनुदान, रकम भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका तत्कालीन सचिव डा. नम्रता सिंहको हकमा :** प्रतिवादी डा. नम्रता सिंहलाई गैर कानूनी लाभ वा हानी पुर्याउने बदनियतले कार्य गरि भ्रष्टाचार गरेको कसूरमा विगो रु.१,००,००,०००।-(एक करोड) को आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असूल उपर हुन, सरकारी कागजात सच्याउने कार्य गरि भ्रष्टाचार गरेको कसूरमा सोही ऐनको दफा ११ बमोजिमको कसूरमा सोही दफा ११ बमोजिम सजाय हुन र निज प्रतिवादी प्रदेश मन्त्रालयको प्रदेश सचिवको पदमा बहाल रहेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन मागदावी लिईएको अवस्था देखिन्छ।<br>• **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका तत्कालीन बरिष्ठ कृषि अर्थविज्ञ तथा कृषि ज्ञान केन्द्र धनुषाका तत्कालीन कार्यालय प्रमुख (सहकार्य प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमका संयोजक) शंकर प्रसाद साहको हकमा :** प्रतिवादी शंकर प्रसाद साहलाइ गैर कानूनी लाभ वा हानी पुर्याउने बदनियतले कार्य गरि भ्रष्टाचार गरेको कसूरमा विगो रु.१,००,००,०००।-(एक करोड) को आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असूल उपर हुन, सरकारी कागजात सच्याउने कार्य गरि भ्रष्टाचार गरेको कसूरमा सोही ऐनको दफा ११ बमोजिमको कसूरमा सोही दफा ११ बमोजिम सजाय हुन मागदावी लिईएको अवस्था देखिन्छ ।<br>• **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका कृषि प्रसार अधिकृत अमर चन्द्र मण्डलको हकमा :** प्रतिवादी अमर चन्द्र मण्डललाई गैर कानूनी लाभ वा हानी पुर्याउने बदनियतले कार्य गरि भ्रष्टाचार गरेको कसूरमा विगो रु.१,००,००,०००।-(एक करोड) को | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रस्तुत मुद्दामा प्रतिवादी डा. नम्रता सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ११ र दफा २४ समेतको कसूरको आरोप दाबी रहेकोमा प्रतिवादीहरु डा.नम्रता सिंह, शंकर प्रसाद साह तथा अनुदानग्राही प्रतिवादी युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि.एवम् सोको अध्यक्ष तथा संचालक लक्ष्मी नारायण यादवसंग गैर कानुनी तथा बदनियतपूर्ण मिलेमतो गरी मतियारको रुपमा संलग्न रहेको वा कुनै किसिमले लाभ प्राप्त गरेको भन्ने ठोस एवम् बस्तुनिष्ठ प्रमाणबाट देखिन नआएको सो तर्फ दावी पुग्न नसक्ने देखिएको ।<br>• प्रस्तुत मुद्दामा प्रतिवादी शंकर प्रसाद साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ११ समेतको कसूरको आरोप दाबी रहेकोमा मिलेमतो गरी मतियारको रुपमा संलग्न रहेको वा कुनै किसिमले लाभ प्राप्त गरेको भन्ने ठोस एवम् बस्तुनिष्ठ प्रमाणबाट देखिन नआएको सो तर्फ दावी पुग्न नसक्ने देखिएको ।<br>• प्रस्तुत मुद्दामा प्रतिवादीहरु अमरचन्द्र मण्डल, ब्रजेश कुमार साहको अन्य प्रतिवादीहरुसंग बदनियतपूर्ण मिलेमतो गरेको वा कुनै किसिमको लाभ प्राप्त गरेको भन्ने मिसिलसंलग्न प्रमाण कागजातबाट देखिन नआएको ।<br>• प्रतिवादीहरु रंजित कुमार अधिकारी, अविनास कुमार झा र विकास कुमार साह पदीय जिम्मेवारी एवम् कर्तब्य | • **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश धनुषाका कृषि प्रसार अधिकृत अमर चन्द्र मण्डलको हकमा हेर्दाः-** युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि. औरही नगरपालिका-३ महोत्तरीसँग भएको मिति २०७९।१२।२९ को कार्यक्रम सम्झौतामा दोस्रो पक्षको दायित्व रकम रु.१,४७,८४,०००।-(एक करोड सत्तचालीस लाख चौरासी हजार) हुने र दोस्रो पक्षको दायित्व बराबरको बैंक ग्यारेन्टी प्रथम पक्ष समक्ष पेश गरेपछि प्रथम पक्षले खरिद प्रक्रिया अगाडि बढाउनेछ भन्ने शर्त उल्लेख भएकोमा नेपाल बैंक लिमिटेड, गौशाला शाखाको रु.१,००,००,०००।- (एक करोड) मात्रको बैक ग्यारेन्टी लिएर खरिद प्रक्रिया अगाडि बढाएको, मेशिनरी आपूर्ति तथा जडान सम्बन्धी सम्झौता गर्दा रु.११,३२,०००।- (एघार लाख बत्तीस हजार) को बैक ग्यारेन्टी लिई सम्झौता गर्नुपर्नेमा बैक ग्यारेन्टी बिना नै सम्झौता गरेको, लाभग्राही फार्मले सम्झौता गरेको मिति भन्दा ३ (तीन) दिन पछि रु.११,००,०००।-(एघार लाख) मात्रको नेपाल बैंक लिमिटेडको बैक ग्यारेन्टी पेश गरेकोमा बैकबाट जारी भए/नभएको यकिन (भेरिफिकेशन) नै नगरी रु.३२,०००।-(बत्तीस हजार) घटीको नक्कली बैक ग्यारेन्टीलाई समेत स्वीकार गरेको, सो बैक ग्यारेन्टी सम्बन्धित बैकबाट जारी नभएको भन्ने अनुसन्धानको क्रममा खुली आएको, लाभग्राही फार्मले अनुदान रकम भुक्तानीका लागि पेश गरेको आफ्नै फार्मको बिलमा VAT रकम अस्वभाविक रुपमा कम रकम (रु.२९,१३,७६८।- हुनुपर्नेमा रु.२,२६,४००।- मात्र उल्लेख भएको) उल्लेख भएको लाभग्राही फार्म कै नामको बिल, सो बिलसाथ संलग्न भन्सार प्रज्ञापन पत्रहरुको मिति २०२३.७.३ मिति २०२३.७.४ (मिति २०८०।०३।१८ र १९) उल्लेख भएकोमा सो विषय यकिन नगरी स्वीकार गरी भुक्तानी दिएको, उक्त भन्सार प्रज्ञापन पत्रहरु समेत नक्कली भएको भन्ने जलेश्वर भन्सार कार्यालय, मलिवारा महोत्तरीको च.नं. १२५, मिति २०८१।०४।१४ को पत्र बेहोराबाट देखिएको, आफैले पेश गरेको स्थलगत भ्रमण प्रतिवेदनमा दाना उद्योग विस्तारको लागि आवश्यक मेशिनहरु जडान गरिरहेको तर मेशिनहरु यकिन गर्न सकिने अवस्थामा नरहेको बेहोरा उल्लेख भएको र प्राविधिक स्पेशिफिकेशनको भेरिफिकेशन रिपोर्टमा समेत कतिपय उपकरणहरुमा Capacity is still not verified उल्लेख हुँदाहुँदै पनि भुक्तानीको लागि पेश भएकोमा लाभग्राही फार्मले अनुदान प्रयोजनको लागि सामान नै खरिद नगरी पुरानो खरिद भएका सामानहरु देखाएर अनुदान लिन खोजेको अवस्था स्पष्ट रुपमा जानकारी हुँदाहुँदै सोतर्फ विचारै नगरी अनुदान रकम भुक्तानीका लागि टिप्पणी पेश गरी लाभग्राहीसँग मिलोमतो गरी सरकारी अनुदान रकम रु.१,००,००,०००।-(एक करोड) हिनामिना गरेको देखिनुका साथै लाभग्राही फार्मले राखेको रु.१,००,००,०००।-(एक करोड) बैक ग्यारेन्टीको म्याद हुँदाको समयमै उक्त बैक ग्यारेन्टी जफत गर्न पेश नगरी अनुदानग्राही फार्मसँगको मिलेमतोमा नियमानुसार प्रक्रियामा समावेश नै नभएको फार्मलाई अनुदान प्रयोजनको लागि सूचीमा समाबेश गरी सोही फार्मले पेश गरेको लागत अनुमानको आधारमा खरिद प्रक्रियामा पेश भएका झुठ्ठा बैक ग्यारेन्टी एवम् प्रज्ञापन पत्रहरु जानी बुझी स्वीकार गरी कानूनले तोकेबमोजिको धरौटी समेत नलिई लाभग्राही फार्मले पहिले नै खरिद गरेका मेशिनरी औजार तथा सामानहरु देखाई सामान खरिद नगरेको अवस्थामा झुठ्ठा बिल, भरपाई, भन्सार प्रज्ञापन पत्रको आधारमा भुक्तानी दिई प्रतिवादी अमर चन्द्र मण्डलले आफू र युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि. औरही-३ महोत्तरी तथा सो फार्मका सञ्चालकको एक आपसमा मिलेमतो एवं पूर्व नियोजित योजना मुताविक बदि्नयतपूर्वक आफूहरुलाई गैरकानूनी लाभ पुऱ्याउने र मधेश प्रदेश सरकार अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई गैरकानूनी हानी पुऱ्याउने वदि्नयतले सरकारी रकम रु.१,००,००,०००।- (एक करोड) रकम हिनामिना गरेको भन्ने मिसिल संलग्न प्रमाणहरुवाट प्रष्ट देखिरहेकोले निज प्रतिवादी अमर चन्द्र मण्डललाई आरोपदावी वमोजिम नै सजाय गर्नुपर्नेमा सफाई दिने गरी विशेष अदालत काठमाण्डौंवाट भएको फैसला त्रुटिपूर्ण भई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असूल उपर हुन, सरकारी कागजात सच्याउने कार्य गरि भ्रष्टाचार गरेको कसूरमा सोही ऐनको दफा ११ बमोजिमको कसूरमा सोही दफा ११ बमोजिम सजाय हुन मागदावी लिईएको अवस्था देखिन्छ ।<br>• **भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका सह लेखापाल ब्रजेश कुमार साहको हकमा** : प्रतिवादी ब्रजेश कुमार साहलाइ गैर कानूनी लाभ वा हानी पुर्याउने बदनियतले कार्य गरि भ्रष्टाचार गरेको कसूरमा विगो रु.१,००,००,०००।-(एक करोड) को आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असूल उपर हुन, सरकारी कागजात सच्याउने कार्य गरि भ्रष्टाचार गरेको कसूरमा सोही ऐनको दफा ११ बमोजिमको कसूरमा सोही दफा ११ बमोजिम सजाय हुन मागदावी लिईएको अवस्था देखिन्छ ।<br>• **युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि., औरही नगरपालिका-३, महोत्तरी र उक्त फार्मका सञ्चालक/अध्यक्ष लक्ष्मी नारायण यादवको हकमा** : प्रतिवादी लक्ष्मी नारायण यादवलाई गैर कानूनी लाभ वा हानी पुर्याउने बदनियतले कार्य गरि भ्रष्टाचार गरेको कसूरमा रु.१,००,००,०००।- (एक करोड) को आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर कसूरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन र बैक ग्यारेन्टी तथा भन्सार प्रज्ञापन पत्रहरु सञ्चालक/अध्यक्ष लक्ष्मी नारायण यादवले अन्य प्रतिवादीहरुको मिलेमतोमा सच्याएर पेश गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरमा सोही दफा ११ बमोजिम सजाय हुन मागदावी लिईएको अवस्था देखिन्छ ।<br>• **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका तत्कालीन पशु चिकित्सक रंजित कुमार अधिकारी, कृषि प्रसार अधिकृत अविनाश कुमार झा र कृषि विकास निर्देशनालय, धनुषा मधेश प्रदेशका तत्कालीन कृषि अर्थविज्ञ** | बमोजिम प्रतिवेदनमा संलग्न रहेको, टिप्पणी उठाउने कार्य सम्म संलग्न रहेको देखिएको तथा झुट्टा बिल भर्पाई बनाई रकम दिने दिलाउने कार्यमा निर्णायक भूमिकामा नरहेको एवम् निजहरुको मिलेमतो वा बदनियतपूर्ण संलग्न रहेको भन्ने ठोस र बस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन आएको भन्ने नदेखिएको । | वदरभागी रहेकोले वदर गरीपाउँ ।<br>• **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश धनुषाका सह लेखापाल ब्रजेश कुमार साहको हकमा हेर्दा** :- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशबाट तयार गर्नुपर्ने प्राविधिक स्पेशिफिकेशन लाभग्राही युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि. औरही नगरपालिका-३ महोत्तरीले नै तयार गरेको लागत अनुमान स्वीकृतीको लागि टिप्पणीमा राय पेश गरी स्वीकृत गराएको, युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि. औरही नगरपालिका-३ महोत्तरीसँग भएको मिति २०७९।१२।२९ को कार्यक्रम सम्झौतामा दोस्रो पक्षको दायित्व रकम रु.१,४७,८४,०००।-(एक करोड सत्तचालीस लाख चौरासी हजार) हुने र दोस्रो पक्षको दायित्व बराबरको बैंक ग्यारेन्टी प्रथम पक्ष समक्ष पेश गरेपछि प्रथम पक्षले खरिद प्रक्रिया अगाडि बढाउनेछ उल्लेख भएकोमा नेपाल बैंक लिमिटेड, गौशाला शाखाको रु.१,००,००,०००।-(एक करोड) मात्रको बैक ग्यारेन्टी लिएर खरिद प्रक्रिया अगाडि बढाएको, मेशिनरी आपूर्ति तथा जडान सम्बन्धी सम्झौता गर्दा रु.११,३२,०००।- (एघार लाख बत्तीस हजार) को बैक ग्यारेन्टीलिई सम्झौता गर्नु पर्नेमा बैक ग्यारेन्टी बिना नै सम्झौता गरेको, सो बैक ग्यारेन्टी सम्बन्धित बैकबाट जारी नभएको भन्ने अनुसन्धानको क्रममा खुली आएको, लाभग्राही फार्मले सम्झौता गरेको मिति भन्दा ३ (तीन) दिन पछि रु.११,००,०००।–(एघार लाख) को मात्रको नेपाल बैंक लिमिटेडको बैक ग्यारेन्टी पेश गरेकोमा बैकबाट जारी भए/नभएको यकिन (भेरिफिकेशन) नै नगरी रु.३२,०००।– (बत्तीस हजार) घटीको नक्कली बैक ग्यारेन्टीलाई समेत स्वीकार गरेको, लाभग्राही फार्मले अनुदान रकम भुक्तानीका लागि पेश गरेको, आफ्नै फार्मको बिलमा VAT रकम अस्वभाविक रुपमा कम रकम (रु.२९,१३,७६८।– हुनुपर्नेमा रु.२,२६,४००।- मात्र उल्लेख भएको) उल्लेख भएको लाभग्राही फार्मकै नामको बिल, सो बिल साथ संलग्न भन्सार प्रज्ञापन पत्रहरुको मिति २०२३.७.३ मिति २०२३.७.४ (मिति २०८०।०३।१८ र १९) उल्लेख भएकोमा सो विषय यकिन नगरी स्वीकार गरी भुक्तानी दिएको, उक्त भन्सार प्रज्ञापन पत्रहरु समेत नक्कली भएको भन्ने जलेश्वर भन्सार कार्यालय, मलिवारा महोत्तरीको च.नं.१२५, मिति २०८१।०४।१४ को पत्र बेहोराबाट देखिएको, पेश भएको स्थलगत भ्रमण प्रतिवेदनमा दाना उद्योग विस्तारको लागि आवश्यक मेशिनहरु जडान गरिरहेको तर मेशिनहरु यकिन गर्न सकिने अवस्थामा नरहेको बेहोरा उल्लेख भएको र प्राविधिक स्पेशिफिकेशनको भेरिफिकेशन रिपोर्टमा समेत कतिपय उपकरणहरुमा Capacity is still not verified उल्लेख हुँदाहुँदै पनि भुक्तानीको लागि पेश गरेको, लाभग्राही फार्मले अनुदान प्रयोजनको लागि सामान नै खरिद नगरी पुरानो खरिद भएका सामानहरु देखाएर अनुदान लिन खोजेको अवस्था थाहा जानकारी हुँदाहुँदै सोतर्फ विचारै नगरी सम्झौता अनुसारको कार्य समेत सम्पन्न नहुँदै लाभग्राहीसँग मिलोमतो गरी सरकारी अनुदान रकम रु.१,००,००,०००।-(एक करोड) अनुदान भुक्तानी दिन पेश गरी हिनामिना गरेको देखिनुका साथै लाभग्राही फार्मले राखेको रु.१,००,००,०००।-(एक करोड) बैक ग्यारेन्टीको म्याद हुँदाको समयमै उक्त बैक ग्यारेन्टीको जफत समेतका लागि कारवाही गर्न पेश नगरी अनुदानग्राही फार्मसँगको मिलेमतोमा नियमानुसार प्रक्रियामा समावेश नै नभएको फार्मलाई अनुदान प्रयोजनको लागि सूचीमा समाबेश गरी सोही फार्मले पेश गरेको लागत अनुमानको आधारमा खरिद प्रक्रियामा पेश भएका झुठ्ठा बैक ग्यारेन्टी एवम् प्रज्ञापन पत्रहरु स्वीकार गरी कानूनले तोकेबमोजिको धरौटीसमेत नलिई लाभग्राही फार्मले पहिले नै खरिद गरेका मेशिनरी औजार तथा सामानहरु देखाई सामान खरिद नगरेको अवस्थामा झुठ्ठा बिल, भरपाई, भन्सार प्रज्ञापन पत्रको आधारमा भुक्तानी दिई प्रतिवादी सह लेखापाल ब्रजेश कुमार साहले आफू र युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि. औरही-३ महोत्तरी तथा सो फार्मका सञ्चालकको एक आपसमा मिलेमतो एवम् पूर्व नियोजित योजना मुताविक बदनियतपूर्वक आफूहरुलाई गैरकानूनी लाभ पुर्‍याउने र मधेश प्रदेश सरकार अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई गैरकानूनी हानी पुर्‍याउने वद्नियतले सरकारी रकम रु.१,००,००,०००।-(एक करोड) हिनामिना गरेकोले निज प्रतिवादी ब्रजेश कुमार साहलाई आरोपदावी वमोजिम नै सजाय गर्नुपर्नेमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **विकास कुमार साहको हक दौ** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश धनुषाका तत्कालीन पशु चिकित्सक रंजित कुमार अधिकारी, कृषि प्रसार अधिकृत अविनाश कुमार झा र कृषि विकास निर्देशनालय, धनुषा मधेश प्रदेशका तत्कालीन कृषि अर्थविज्ञ विकास कुमार साहले प्रस्तुत मुद्दामा मुख्य कसूरदारहरु डा. नम्रता सिंह, शंकर कुमार साह, अमर चन्द्र मण्डल, ब्रजेश कुमार साह र युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि. औरही-३ महोत्तरी तथा सो फार्मका सञ्चालक/अध्यक्ष लक्ष्मी नारायण यादवसँग एक आपसमा मिलेमतो एवम् पूर्व नियोजित योजना मुताविक बद्नियतपूर्वक निजहरुलाई गैरकानूनी लाभ पुर्‍याउने र मधेश प्रदेश सरकार अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई गैरकानूनी हानी पुर्‍याउने वदनियतले सरकारी अनुदान रकम रु.१,००,००,०००।-(एक करोड) हिनामिना गर्ने कार्यमा प्रतिवादीहरु रंजित कुमार अधिकारी, अविनाश कुमार झा र विकास कुमार साहले जानी बुझी उल्लिखित फार्मलाई सूचीमा समावेश गरी सहयोग पुर्‍याई मतियारको कसूर गरेको देखिँदा निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसूरको मतियारको कसूरमा प्रतिवादीहरु रंजित कुमार अधिकारी, अविनाश कुमार झा र विकास कुमार साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुन मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरु डा नम्रता सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा (१) को खण्ड (ङ), दफा ११ र दफा २४ समेतको कसूरको आरोप दाबी रहेको, प्रतिवादीहरु शंकर प्रसाद साह, अमरचन्द्र मण्डल, ब्रजेश कुमार साहलाई ऐ. ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ङ) र दफा ११ को कसूरको आरोप दाबी रहेको, प्रतिवादी युवरानी मत्य तथा कृषि फार्म प्रा. लि. र सो प्रा लि का अध्यक्ष/संचालक लक्ष्मी नारायण यादवको हकमा ऐ. ऐनको दफा ८ को उपदफा (४) र दफा ११ बमोजिमको कसूर गरेको भन्ने र प्रतिवादीहरु रंजित कुमार अधिकारी, अविनास कुमार झा र विकास कुमार साहको हकमा ऐ. ऐनको दफा ८ को उपदफा | | आरोपदावीवाट नै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको छ ।<br>• **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश धनुषाका तत्कालीन पशु चिकित्सक रंजित कुमार अधिकारी, कृषि विकास निर्देशनालय, मधेश प्रेदश धनुषाका तत्कालीन कृषि प्रसार अधिकृत अविनास कुमार झा र कृषि विकास निर्देशनालय, मधेश प्रेदश धनुषाका तत्कालीन कृषि अर्थविज्ञ विकास कुमार साह समेतको हकमा हेर्दा:-** निज प्रतिबादीहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूरको दफा २२ बमोजिमको मतियारको कसूर गरेको भन्ने आरोप दाबी रहेको अवस्थालाई मध्यनजर गर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ अनुसार मुख्य कसूर गर्न सहयोग गर्ने, सहज बनाउने वा सहकार्य गर्ने व्यक्तिलाई पनि मतियार (Accomplice) का रूपमा दण्डनीय ठहर गर्ने व्यवस्था रहेको छ। आपराधिक न्यायशास्त्रमा स्थापित सिद्धान्त अनुसार कसूरको प्रत्यक्ष कार्य गर्ने व्यक्ति मात्र होइन, त्यसलाई सफल बनाउन सहयोग गर्ने वा प्रक्रिया सहज बनाउने व्यक्तिलाई पनि समान रूपमा आपराधिक जिम्मेवारीबाट मुक्त गर्न मिल्दैन भन्ने मान्यता रहेको छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरू रंजित कुमार अधिकारी, अविनास कुमार झा तथा विकास कुमार साह कार्यक्रमको प्रस्ताव छनौट, प्राविधिक मूल्याङ्कन, कागजात प्रमाणीकरण तथा भुक्तानी प्रक्रिया जस्ता महत्वपूर्ण प्रशासनिक तथा प्राविधिक कार्यहरूमा संलग्न रहेको भन्ने मिसिल संलग्न कागजातवाट देखिरहेको अवस्थामा यस्ता कार्यहरू सरकारी अनुदान वितरण प्रक्रियाको निर्णायक चरणसँग सम्बन्धित भएकाले उनीहरूको भूमिका मुख्य कसूरलाई सहज बनाउने प्रकृतिको देखिन्छ। आपराधिक कानूनको स्थापित सिद्धान्त “he who facilitates the commission of an offence is equally liable as the principal offender” अनुसार कसूर सम्पन्न गर्न सहजीकरण गर्ने व्यक्ति पनि मतियारको रूपमा दण्डनीय हुने हुन्छ। साथै सार्वजनिक पदमा आसीन व्यक्तिहरूले सार्वजनिक सम्पत्ति तथा सरकारी कार्यक्रम सञ्चालन गर्दा उच्च स्तरको सावधानी, पारदर्शिता र उत्तरदायित्व कायम गर्नुपर्ने Public Trust Doctrine तथा Doctrine of Accountability समेत लागू गर्नु पर्ने उनिहरुको कर्तव्य हुन आउँछ ।तर प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले आफ्नो पदगत दायित्व अनुरूप आवश्यक सावधानी नअपनाई उल्टै अनियमित प्रक्रियालाई सहजीकरण गरेको अवस्था देखिँदा उनीहरूको लापरवाही वा संलग्नताबाट सरकारी अनुदान रकमको दुरुपयोग सम्भव भएको देखिन्छ। यस्तो अवस्थामा उनीहरूको भूमिकालाई केवल प्रशासनिक कार्यको रूपमा व्याख्या गरी सफाइ दिनु भ्रष्टाचार निवारण ऐनको उद्देश्य, मतियार सम्बन्धी कानूनी व्यवस्था तथा सार्वजनिक पदको दायित्व सम्बन्धी स्थापित न्यायिक सिद्धान्तहरूको विपरीत भएकोले प्रतिवादीहरू रंजित कुमार अधिकारी, अविनास कुमार झा तथा विकास कुमार साह पदीय जिम्मेवारी एवम् कर्तव्य बमोजिम प्रतिवेदनमा संलग्न रहेको, टिप्पणी उठाउने कार्य सम्म संलग्न रहेको देखिएको तथा झुट्टा बिल भर्पाई बनाई रकम दिने दिलाउने कार्यमा निर्णायक भूमिकामा नरहेको एवम् निजहरुको मिलेमतो वा बदनियतपूर्ण संलग्न रहेको भन्ने ठोस र बस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सक्ने देखिएन भन्ने आधार ग्रहण गरी निज प्रतिवादीहरु रंजित कुमार अधिकारी, अविनाश कुमार झा र विकास कुमार साहलाई सफाई दिने गरी विशेष अदालत काठमाण्डौंवाट भएको फैसला त्रुटिपूर्ण रहेकोले वदरभागी छ।<br>• **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश धनुषाका तत्कालीन सचिव प्रतिवादी डा. नम्रता सिंहको हकमा हेर्दा:-** निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा २४ अन्तर्गत मतियारको रुपमा कसुर गरेको आरोप दाबी समेत रहेकोमा विशेष अदालतले निजले अन्य प्रतिवादीहरू तथा अनुदानग्राही युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि. र यसको सञ्चालक लक्ष्मी नारायण यादवसँग गैरकानुनी मिलेमतो गरेको वा लाभ लिएको ठोस प्रमाण नदेखिएको भनी सो तर्फ नेपाल सरकारको आरोप दाबी नपुग्ने ठहर गर्ने गरी तथ्य तथा प्रमाणको समुचित मूल्याङ्कन नगरी गरिएको विशेष अदालत काठमाण्डौंको फैसला त्रुटिपूर्ण देखिन्छ। प्रस्तुत मुद्दामा प्रस्ताव छनौट प्रक्रियामा म्याद नाघिसकेको प्रस्तावलाई प्रक्रियामा समावेश गराउने, सम्झौताअनुसार आवश्यक बैंक ग्यारेन्टी र कागजातहरूको यथार्थता परीक्षण नगरी स्वीकृति दिने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (१) को खण्ड (ङ) को कसूरको दफा २२ बमोजिमको मतियारको कसूर गरेको भन्ने आरोप दाबी रहेको विशेष अदालत काठमाण्डौवाट फैसला हुँदा प्रतिवादीहरु डा. नम्रता सिंह र शंकर प्रसाद साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम १(एक) वर्ष कैद हुने, दामासाहीले हुने बिगो जनही रु.२५,००,०००।–(पच्चिस लाख रुपैयाँ)जरिवाना हुने र निजहरुबाट जनही सो बिगो बराबरको रकम समेत असुल उपर हुने ठहर गरी फैसला भएको साथै अर्का प्रतिवादी युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि. र सोको संचालक अध्यक्ष लक्ष्मी नारायण यादवलाई ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम दामासाहीले हुने बिगो जनही रु.२५,००,०००।–(पच्चिस लाख रुपैयाँ) जरिवाना हुने, सो उपदफा बमोजिम प्राकृतिक व्यक्ति लक्ष्मी नारायण यादवलाई १ (एक) वर्ष कैद हुने, निज प्रतिवादीहरु युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि. र सोको संचालक अध्यक्ष लक्ष्मी नारायण यादवबाट जनही विगो बराबरको रकम जफत हुने र सोको अतिरिक्त सो कम्पनी र सोको अध्यक्ष एवम् संचालक प्रतिवादी लक्ष्मी नारायण यादवलाई ऐ.ऐनको दफा ११ बमोजिम जनही रु.४०,०००।–(चालिस हजार रुपैयाँ) जरिवाना हुने साथै, उक्त कम्पनी कृत्रिम व्यक्ति भएको र सो कम्पनीको अध्यक्ष प्राकृतिक व्यक्ति भएको हुँदा निज प्रतिवादी लक्ष्मी नारायण यादवलाई सोही दफा बमोजिम १(एक) वर्ष कैद समेत हुने ठहर गरी फैसला भएको अवस्था देखिन्छ। यसका अतिरिक्त प्रतिवादीहरु डा.नम्रता सिंह, शंकर प्रसाद साह, युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि. र सोको संचालक अध्यक्ष लक्ष्मी नारायण यादवबाट अपराध पीडित संरक्षण ऐन, २०७५को दफा ४१ को उपदफा(३)बमोजिम जनही रु.१,००,०००।-(एक लाख रुपैयाँ) पीडित राहत कोषमा दाखिला गर्नुपर्ने समेत ठहर गरी अन्य प्रतिवादीहरु मण्डल, ब्रजेश कुमार साह, रंजित कुमार अधिकारी, अविनास कुमार झा र विकास कुमार अमरचन्द्र साह उपरको आरोप दाबी पुग्न सक्ने नदेखिएकोले निज प्रतिवादीहरुले प्रस्तुत मुद्दाको आरोपदाबीबाट सफाइ पाउने ठहर गरी फैसला भएको अवस्था छ । | | नक्कली बैंक ग्यारेन्टी, झुठ्ठा भन्सार प्रज्ञापन पत्र तथा अस्वाभाविक बिल भरपाईको आधारमा अनुदान रकम भुक्तानी गर्न स्वीकृति प्रदान गर्ने जस्ता कार्यमा सचिवको हैसियतले प्रतिवादीको प्रत्यक्ष निर्णयात्मक भूमिका रहेको देखिन्छ। सरकारी पदमा रहेका व्यक्तिले सार्वजनिक स्रोतको संरक्षण गर्नुपर्ने उच्च दायित्वको सिद्धान्तअनुसार यस्तो लापरवाही वा सहमति समेत मिलेमतोको परिस्थितिजन्य प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने न्यायिक मान्यता रहेको हुँदा विशेष अदालतबाट उक्त तथ्य र प्रमाणको समुचित मूल्याङ्कन नगरी प्रतिवादी डा. नम्रता सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा २४ अन्तर्गत दावी पुग्न नसक्ने ठहर गरी भएको उक्त फैसला त्रुटिपूर्ण भएकोले सो फैसला बदर गरी निजलाई आरोप दाबी बमोजिम नै कसूरदार ठहर गरी सजाय गरिपाउँ।<br>• **मधेश प्रदेश धनुषाका तत्कालीन वरिष्ठ कृषि अर्थविज्ञ तथा कृषि ज्ञान केन्द्र, धनुषाका तत्कालिन कार्यालय प्रमुख (सहकार्य प्रस्तावमा आधारित कृषि पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम) का संयोजक प्रतिवादी शंकर प्रसाद साहको हकमा हेर्दाः-** निज प्रतिवादी शंकर प्रसाद साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम मतियारको रूपमा कसूर गरेको आरोप दाबी रहेकोमा विशेष अदालतले निजले अन्य प्रतिवादी तथा अनुदानग्राही युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि.सँग मिलेमतो गरेको वा गैरकानुनी लाभ लिएको ठोस प्रमाण नदेखिएको भनी आरोप दाबी नपुग्ने ठहर भएको विशेष अदालत काठमाण्डौंको पैसला कानून तथा स्थापित न्यायिक सिद्धान्त विपरीत देखिन्छ।सार्वजनिक पदमा रहेको व्यक्तिले आफ्नो पद र अधिकार प्रयोग गर्दा(सार्वजनिक विश्वासको सिद्धान्त public trust doctrine अनुसार उच्च सतर्कता, पारदर्शिता र उत्तरदायित्व पालना गर्नुपर्ने हुन्छ।साथै भ्रष्टाचारजन्य कसूरमा प्रत्यक्ष प्रमाण मात्र नभई परिस्थितिजन्य प्रमाण circumstantial evidence तथा मिलोमतोको परिस्थिति meeting of mind लाई समेत प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने भन्ने न्यायिक सिद्धान्त स्थापित रहेको छ। प्रतिवादी शंकर प्रसाद साह प्रस्ताव छनौट समितिको संयोजक तथा कार्यक्रम संयोजकको हैसियतले म्यादपछि प्राप्त प्रस्तावलाई प्रक्रियामा समावेश गर्ने, लागत अनुमान तथा प्राविधिक स्पेशिफिकेशन स्वीकृतिका लागि राय दिने, स्थलगत अनुगमन तथा कार्य सम्पन्न प्रतिवेदनमा संलग्न रहने र भुक्तानी प्रक्रियामा सिफारिसात्मक भूमिका निर्वाह गर्ने जस्ता महत्वपूर्ण निर्णयात्मक कार्यमा प्रत्यक्ष रूपमा संलग्न रहेको तथ्य मिसिल संलग्न कागजातबाट देखिन्छ। यस्तो अवस्थामा नक्कली बैंक ग्यारेन्टी, झुठ्ठा भन्सार प्रज्ञापन पत्र तथा अस्वाभाविक बिल भरपाईको आधारमा अनुदान रकम भुक्तानी हुने प्रक्रियामा सहजीकरण हुनु स्वयं कर्तव्यको उल्लंघन dereliction of duty तथा मतियारको रूपमा सहयोग पुऱ्याएको अवस्थाको परिस्थितिजन्य प्रमाण हो। तसर्थ उक्त तथ्य, प्रमाण तथा कानूनी सिद्धान्तहरूको समुचित मूल्याङ्कन नगरी प्रतिवादी शंकर प्रसाद साहलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भएकाले सो फैसला बदर गरी निजलाई आरोप दाबी बमोजिम कसूरदार ठहर गरी सजाय गरिपाउँ ।<br>• **युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि. तथा सोका सञ्चालक लक्ष्मी नारायण यादवको हकमा हेर्दाः-** निज प्रतिवादीलाई आरोप दावी बमोजिम कसूर कायम गरी दामासाहीका आधारमा जनही रु.२५,००,०००।जरिवाना गर्ने गरी विशेष अदालतबाट फैसला भएको देखिन्छ। तर निज प्रतिवादीहरूले नक्कली बैंक ग्यारेन्टी, झुठ्ठा भन्सार प्रज्ञापन पत्र तथा असत्य बिल–भरपाई प्रयोग गरी सरकारी अनुदान रकम रु.१,००,००,०००।– प्राप्त गरेको तथ्य प्रमाणबाट देखिन्छ। यस्तो अवस्थामा भ्रष्टाचारबाट भएको वास्तविक बिगोका आधारमा नै सजाय निर्धारण हुनुपर्ने भन्ने (Principle of proportional punishment) भन्ने कानूनी सिद्धान्त लागू हुन्छ।साथै भ्रष्टाचारजन्य कसूरमा मुख्य लाभ लिने व्यक्तिलाई कडा सजाय गरी भविष्यमा यस्ता कार्य दोहोरिन नदिनु पर्ने निवारक सिद्धान्त (Deterrence principle) पनि महत्वपूर्ण हुन्छ।त्यसैले मुख्य लाभग्राही प्रतिवादीहरूलाई दामासाहीका आधारमा कम जरिवाना गर्नु कानूनको उद्देश्य र न्यायिक सिद्धान्त विपरीत देखिँदा विशेष अदालतको उक्त फैसला त्रुटिपूर्ण रहेकोले आरोप पत्रमा प्रतिवादी कायम गरिएका प्रतिवादीहरू युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि. तथा सोका सञ्चालक लक्ष्मी नारायण यादव लाई अभियोग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मागदावी बमोजिम फौजदारी कसूरमा कैद र जरिवानाको हकमा व्यक्तिगत फौजदारी दायित्व सृजना हुने भएको प्रतिवादीहरु उपर लिईएको विगोलाई जनही कायम गरि कैद र जरिवाना सजाय  गरिपाउन अनुरोध छ।<br>• अत, प्रस्तुत मुद्दामा माथि विवेचित आधार र कारण समेतबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश धनुषाका तत्कालीन सचिव प्रतिवादी डा.नम्रता सिंह, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश धनुषाका तत्कालीन वरिष्ठ कृषि अर्थविज्ञ तथा कृषि ज्ञान केन्द्र, धनुषाका तत्कालिन कार्यालय प्रमुख (सहकार्य प्रस्तावमा आधारित कृषि पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमका संयोजक) शंकर प्रसाद साह, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश धनुषाका कृषि प्रसार अधिकृत अमरचन्द्र मण्डल, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश धनुषाका सह लेखापाल ब्रजेश कुमार साह, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश धनुषाका तत्कालीन पशु चिकित्सक रंजित कुमार अधिकारी, कृषि विकास निर्देशनालय, मधेश प्रेदश धनुषाका तत्कालीन कृषि प्रसार अधिकृत अविनास कुमार झा, कृषि विकास निर्देशनालय, मधेश प्रेदश धनुषाका तत्कालीन कृषि अर्थविज्ञ विकास कुमार साह र अनुदानग्राही प्रतिवादी युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि.एवम् सोको अध्यक्ष तथा संचालक लक्ष्मी नारायण यादवको हकमा विशेष अदालत काठमाडौबाट भएको फैसला त्रुटिपूर्ण देखिंदा उक्त फैसला बदर गरी प्रतिवादीहरुलाई आरोपदावी बमोजिम नै गरी पाउन अदालत समक्ष सादर अनुरोध गरिन्छ। |